नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(योजना तथा जग्गा प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- ३।१।२०८२।०८३
प्राप्त पत्र संख्याः- .............
च.नं.:- ३८८

मिति: २०८२।१२।१८
ने.सं. ११४६, चौलाथ्व चतुर्दशी, बुधबार

विषयः आवश्यक व्यवस्था मिलाउने सम्बन्धमा।

श्री विशेष नापी कार्यालयहरु सबै,
श्री नापी कार्यालय बनेपा (डिजिटल),
श्री नापी कार्यालयहरु सबै।

प्रस्तुत विषयका सम्बन्धमा श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च. नं. ११३० मिति २०८२।१२।१८ को पत्रबाट **सेवा प्रवाहलाई प्रभावकारी र गुनासो रहित बनाउन कार्यालयमा अनधिकृत व्यक्तिहरु( विचौलिया) लाई प्रवेश निषेध गर्न परिचय खुल्ने कागजात हेरेर मात्र कार्यालयमा प्रवेश दिने व्यवस्था मिलाउने साथै त्यस्ता अनधिकृत व्यक्तिहरुलाई सरकारी अभिलेख कागजातमा पहुँच नदिने व्यवस्था तत्काल मिलाउनुहुन मिति २०८२।१२।१८ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ। साथै उक्त व्यवस्था कार्यान्वयन भए नभएको सम्बन्धमा जुनसुकै बेला अनुगमन हुने र कार्यान्वयन नभएको पाइएमा सम्बन्धित कार्यालय प्रमुख जिम्मेवार हुने व्यहोरा समेत अनुरोध छ** भनी लेखी आएकोले मन्त्रालयको निर्देशन कडाइका साथ कार्यान्वयन गर्नु हुन, कर्मचारीहरुले अनिवार्य रुपमा परिचय पत्र लगाई बस्नुहुन, परिचय खुलेको कागजात देखाएर मात्र कार्यालयमा प्रवेश गर्ने व्यवस्था गर्नुहुन र कार्यालयमा अनावश्यक भिडभाड हुन नदिन निवेदन वा कागजात देखाएर सम्बन्धित व्यक्तिलाई मात्र कार्यालयमा प्रवेश दिने व्यवस्था अबिलम्ब मिलाउनुहुन र सोको जानकारी सूचना पाटीमा राखी यस विभागलाई समेत जानकारी गराउनु हुन आदेशानुसार अनुरोध छ।

.....................
(गणेशप्रसाद सिग्देल)
नापी अधिकृत